# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

## सूचना

### काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिकाभित्रका स्ववासी घर जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७६

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिकाभित्र रहेका स्ववासी घरजग्गा दर्ता गर्ने सम्बन्धमा देहाय बमोजिमको समिति गठन गरी सो समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम हुने गरी तोकेको छ ।

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भ</u> : (१) यस आदेशको नाम "काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिकाभित्रका स्ववासी घरजग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, -

(क) "कार्यालय" भन्नाले मालपोत कार्यालय कलङ्की सम्झनु पर्छ।





(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ।

(ग) "विभाग" भन्नाले भूमि व्यवस्थापन तथा अभिलेख विभाग सम्झनु पर्छ।

(घ) "शुरु नापी" भन्नाले जग्गा (नाँप जाँच) ऐन, २०१९ प्रारम्भ भएपछि पहिलो पटक नाप जाँच गरी जग्गावाला र मोहीसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने, जग्गाको नाप नक्सा तयार गर्ने, क्षेत्रफल यकिन गर्ने, किसिम वर्गीकरण गर्ने, नक्सा वा स्रेस्ताको आधारमा क्षेत्रीय किताबमा दर्ता गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित स्ववासी घर जग्गा दर्तासम्बन्धी समिति सम्झनु पर्छ।

(च) "स्ववासी घरजग्गा" भन्नाले सार्वजनिक जग्गा र निर्धारित वन सिमानाभित्रको जग्गा बाहेकको दर्ता तिरो केही नभएको जग्गामा जग्गा (नाँप जाँच) ऐन, २०१९ बमोजिम शुरु (साविक) नाप नक्सा हुँदा नापी नक्सामा घर, गोठ, घरपाताल (भत्किएको घर) आदि वा घर र घरवाससँग सम्बन्धित अर्थ आउने सङ्केत जनिई फिल्डबुकमा व्यक्तिको नाम उल्लेख गरी नाप जाँच भई

त्यस्तो व्यक्तिको नाममा दर्ता गर्न बाँकी रहेको घरजग्गा सम्झनु पर्छ।

३. समितिको गठन : (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय कलङ्की - अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय काठमाडौं - सदस्य

(ग) प्रमुख, नापी कार्यालय कलङ्की - सदस्य

(घ) स्थानीय प्रतिनिधि, श्री केस रत्न वज्राचार्य - सदस्य

(ङ) वरिष्ठ अधिकृत, मालपोत कार्यालय कलङ्की -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नका लागि अध्यक्षसहित कम्तीमा तीन जना सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ ।

(४) समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) हाट बजार लाग्ने क्षेत्र, वन क्षेत्र, बाटो, बालबुर्जा, जात्रा, मेला लाग्ने





ठाउँ तथा अन्य सार्वजनिक प्रकृतिका साविक नापीमा नाप जाँच भएका जग्गा नेपाल सरकारको नाममा दर्ता गर्ने,

(ख) खण्ड (क) मा उल्लेख भए बाहेकका जग्गा दर्ता गर्नको लागि दफा ५ बमोजिम निवेदन माग गर्ने,

(ग) विगतमा गठित स्ववासी घरजग्गा दर्ता समितिमा दर्ता भई कारबाहीको टुङ्गो लाग्न बाँकी रहेका निवेदनहरू सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(घ) खण्ड (ख) र (ग) बमोजिमका निवेदनमा दफा ७ मा उल्लेख भए बमोजिमको कार्यविधि पूरा गरी छानबिन गर्ने,

(ङ) खण्ड (घ) बमोजिम छानबिन गर्दा व्यक्तिको नाममा दर्ता हुनु पर्ने देखिएका स्ववासी घरजग्गा सम्बन्धित कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्याङ्कनको पाँच प्रतिशतका दरले हुन आउने शुल्क लिई सम्बन्धित व्यक्तिको नाममा दर्ता गर्ने निर्णय गर्ने,

(च) समितिबाट भएको निर्णय कार्यान्वयनको लागि प्राप्त भएका निवेदनसहितको कागजातहरू कार्यालयमा पठाउने,

(छ) खण्ड (च) बमोजिम समितिबाट निर्णय कार्यान्वयनका लागि प्राप्त भएमा कार्यालयले त्यस्तो स्ववासी घरजग्गाको जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम शुरु नापी भएको सालदेखिको हुन आउने मालपोत असूलीका लागि सम्बन्धित स्थानीय तहमा लेखी पठाउने,

(ज) सम्बन्धित स्थानीय तहबाट खण्ड (छ) बमोजिम मालपोत असूली भएको प्रमाण पेश भएपछि कार्यालयले जग्गाधनी दर्ता स्रेस्ता जग्गाधनी प्रमाण पूर्जा तयार गर्ने र सम्बन्धित व्यक्तिलाई जग्गाधनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराई मिसिल कार्यालयको अभिलेखमा राख्ने,

(झ) जग्गा दर्ता गर्ने निर्णय गर्दा विवाहित व्यक्तिको हकमा पति-पत्नी दुवै सगोलमा भएको अवस्थामा दुवैको संयुक्त नाममा वा दुवैको स्वेच्छाले





पत्नीको नाममा दर्ता हुने निर्णय गर्ने,

(ञ) समितिको काम कारबाहीलाई छिटो छरितो बनाउनका लागि आवश्यक कार्ययोजना बनाई कार्य सम्पादन गर्ने गराउने ।

५. <u>सूचना प्रकाशन गर्ने</u> : समितिले स्ववासी घरजग्गा दर्ताको लागि एक्काइस दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

६. <u>निवेदन दिने</u> : दफा ५ बमोजिम प्रकाशित सूचना बमोजिम स्ववासी घरजग्गा दर्ता गर्नको लागि सम्बन्धित व्यक्ति वा निजको प्रतिनिधिले देहायको प्रमाण कागजात संलग्न गरी समितिको कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्वीकृति लिई वा नक्सा पास गरी घर बनाएको भएमा नक्सापास वा स्वीकृतिको प्रतिलिपि,

(ग) भोग यकिन गरेको र जग्गा दर्ता गरिदिने भन्ने व्यहोराको सम्बन्धित नगरपालिकाको सिफारिस वा,

(घ) सम्बन्धित नापी कार्यालयबाट सम्बन्धित जग्गाको नक्सा ट्रेश उतारको प्रमाणित प्रतिलिपि वा,

(ङ) सम्बन्धित नापी कार्यालयबाट फिल्डबुक, उतारको प्रमाणित प्रतिलिपि वा,

(च) स्ववासी घरजग्गामा कुनै घर भई बसोवास गर्दै आएकोमा सो घरमा जडान भएको खानेपानी वा विद्युत महसुल बुझाएको रसिद भए सो को प्रतिलिपि,

(छ) स्ववासी घरजग्गासँग सम्बन्धित अन्य कुनै प्रमाण भए सो को प्रतिलिपि,

(ज) विवाहितको हकमा विवाह दर्ता प्रमाणपत्र ।

७. <u>कार्यविधि</u> : दफा ६ बमोजिम प्राप्त हुन आएका निवेदन उपर समितिले देहाय बमोजिमको कार्यविधि अपनाउनेछ :-

(क) निवेदनमा उल्लेख भएको घरजग्गासँग सम्बन्धित कार्यालयमा भएको दर्ता बाँकी स्रेस्ता, लुज सिटसँग भिडाउने र त्यस्तो अभिलेख अन्य कार्यालयमा रहेको भए माग गरी मिसिलमा सामेल गर्ने,

(ख) हक तथा भोग सम्बन्धमा सम्बन्धित स्थानीय तहमा बुझ्ने,

(ग) कारबाहीको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिएमा सात दिनको म्याद दिई कार्यालयमा



झिकाउने र आवश्यक जानकारी लिने,

(घ) निवेदकको नाममा दर्ता गर्नु अघि हक दाबीको लागि पन्ध्र दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ङ) हक तथा भोग सम्बन्धी सरजमिन तथा स्थलगत निरीक्षण गर्ने गराउने,

(च) आवश्यकता अनुसार अन्य प्रमाण बुझ्ने।

८. <u>समितिको कार्यालय</u> : समितिको कार्यालय मालपोत कार्यालय, कलङ्कीमा रहनेछ।

९. <u>समितिको कार्यक्षेत्र</u> : समितिको कार्यक्षेत्र काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिकाभित्र रहनेछ।

१०. <u>समितिको कार्यअवधि</u> : समितिको कार्यअवधि समितिले कार्य प्रारम्भ गरेको मितिले बढीमा तीन महिना हुनेछ । सो अवधिभित्र कार्य सम्पन्न हुन नसकेमा तीन महिना थप गर्न सकिनेछ ।

११. <u>निर्देशन, अनुगमन तथा निरीक्षण</u> : (१) समितिबाट भए गरेका कामको विवरण समितिले मासिक रूपमा विभागमा पठाउनु पर्नेछ ।

(२) समितिबाट भए गरेका कामको मन्त्रालय तथा विभागले आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

१२. <u>निर्णय कार्यान्वयन गर्ने</u> : दफा ४ को खण्ड (च) बमोजिम निर्णय कार्यान्वयनको लागि समितिबाट प्राप्त हुन आएमा कार्यालयले जग्गाधनी दर्ता स्रेस्ता प्रमाण पूर्जा तयार गरी वितरण गर्ने, फिल्डबुकमा दर्ताको व्यहोरा जनाउन नापी कार्यालयमा पत्राचार गर्ने लगायतका निर्णय कार्यान्वयन सम्बन्धी कार्य गर्नेछ ।

१३. <u>बरबुझारथ गर्ने</u> : (१) समितिबाट तयार भएको माइन्युट नक्सा स्रेस्ता तथा अन्य कागजातहरू समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय, कलङ्की वा नापी कार्यालय, कलङ्की र जिन्सी सामानहरू मालपोत कार्यालय, कलङ्कीमा बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बरबुझारथ गर्ने गराउने कर्तव्य समितिको सदस्य-सचिवको हुनेछ ।

आज्ञाले,
गोपीनाथ मैनाली
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १५।-
गो.द.नं. १६।२०६२।६३